

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन १४ गते शनिबार ❑ 30 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरामा प्रथम 'मेयर सम्मेलन' सुरु

**पोखरापत्र संवाददाता**

**पोखरा, १३ साउन**

पोखरामा आजदेखि प्रथम महानगर प्रमुख 'मेयर सम्मेलन' सुरु भएको छ । सम्मेलन शनिबारसम्म सञ्चालन हुनेछ ।

पोखरा महानगरको आयोजनामा भएको सम्मेलनमा आयोजक पोखरासहित काठमाडौँ, विराटनगर, चितवन, ललितपुर र वीरगञ्ज महानगरका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको सहभागिता रहेको छ । सम्मेलनमा सहभागी हुन आउनुभएका प्रमुख, उपप्रमुख तथा प्रशासकीय अधिकृतलाई महानगरले शुक्रबार पोखरामा स्वागत गरेको छ । सहभागीलाई पोखरेली ढाका टोपी, सल र खादा मालाबाट स्वागत गरिएको थियो । पोखराका प्रमुख धनराज आचार्य, उपप्रमुख मञ्जुदेवी गुरुङ र वडाध्यक्षले पाहुनालाई स्वागत गर्नुभएको थियो । महानगरले सम्मेलनलाई 'मेट्रो मिट नेपाल' नाम दिएको छ । सम्मेलनमा महानगर सञ्चालनका विद्यमान कानुन र आवश्यक सुधारका विषयमा छलफलसहित अनुभव आदानप्रदान गरिने पोखरा महानगर प्रमुख आचार्यले बताउनुभयो । महानगरलाई जनउत्तरदायी बनाउन निर्वाह गर्नुपर्ने भूमिका तथा साझा सवालका विषयलाई सम्बोधन गर्न र कामलाई सहजीकरण गर्न सम्मेलन फलदायी हुने विश्वास लिइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिका र नगरपालिकाका समस्या सुनाउने छुट्टै फोरम भए पनि महानगरको आफ्नो छुट्टै फोरम नभएकाले साझा समस्या, चुनौति र अवसर पहिल्याउन सम्मेलन आयोजना गरेका हौँ । सम्मेलनले पोखरा घोषणा जारी गर्नेछ र सम्बन्धित निकायमा सुझावका रुपमा पेश गर्नेछौँ ।"



सम्मेलनको पहिलो दिन राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा जगदिशचन्द्र पोखरेलले सङ्घीयता, महानगर र अबको बाटो शीर्षकमा प्रस्तुति राख्नुभयो । यसैगरी महानगरपालिकाका प्रमुखद्वारा महानगरपालिकाका मुख्य योजना तथा कार्यान्वयनका चुनौतीहरूबारे अनुभव आदानप्रदान गर्नुभएको थियो । सम्मेलनमा उपप्रमुखले ऐनले निर्दिष्ट गरेका जिम्मेवारी सम्बन्धमा अनुभव तथा सिकाइ आदानप्रदान गर्नुहुनेछ । महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले विद्यमान ऐन, कानुन तथा तिनका कार्यान्वयनका चुनौतीबारे आफ्नो अनुभव राख्नुहुनेछ । सम्मेलनको दोस्रो दिन शनिबार पूर्वाधार विज्ञ डा सूर्यराज आचार्यद्वारा महानगरपालिकामा पूर्वाधार विकास तथा सुशासन, सुदृढ परियोजनाका डा अजयचन्द्र लाल रसरोजबस्नेतद्वारामहानगरपालिकामा हरित, उत्थानशील तथा विकास अपरिहार्यता सम्भावना र चुनौतीहरू, महानगरपालिकाका प्रमुखद्वारा महानगरपालिकाका साझा सवाल तथा आगामी कार्यदिशा विषयमा प्यानल छलफल हुनेछ ।

सम्मेलन पोखरा घोषणा पत्र जारीसँगै आगामी वर्ष २०८० का लागि महानगरपालिका मेयर सम्मेलनको घोषणा तथा आयोजक महानगरपालिकाका प्रमुखलाई 'मेट्रो मिट नेपाल' अङ्कित झण्डा हस्तान्तरण गरेर समापन हुने पोखरा महानगरले जनाएको छ ।

## एमालेको नेतृत्वमा देश विकास सम्भव : महासचिव पोखेल

**पोखरापत्र संवाददाता**

**दमौली, १३ साउन**

नेकपा (एमाले) का महासचिव शङ्कर पोखेलले एमालेको नेतृत्वमा देश विकास सम्भव रहेको बताउनुभएको छ ।

नेकपा (एमाले) शुक्लागण्डकी नगर कमिटीले शुक्रबार दुलेगौडामा आयोजना गरेको कार्यक्रममा महासचिव पोखेलले उक्त कुरा बताउनुभएको हो । 'सुखी नेपाली, समृद्ध नेपाल' बनाउने अभियानमा एमाले सदैव प्रतिबद्ध रहेको महासचिव पोखेलको भनाइ थियो ।



अन्य राजनीतिक दल यथास्थितिवादी भएकाले अन्य पार्टीको नेतृत्वमा विकास सम्भव नरहेको पोखेलले दाबी गर्नुभयो । देश विकास र समाज निर्माणमा एमालेलाई अब्बल बनाउन सबै नेता तथा कार्यकर्ता लाग्नुपर्ने महासचिव पोखेलले बताउनुभयो । "प्रशिक्षण कार्यक्रमबाट नेता तथा कार्यकर्तालाई सक्रिय बनाउँदै देश विकासको अभियानमा लाग्ने प्रेरणा जगाउनुपर्छ", पोखेलले भन्नुभयो ।

## प्रधानमन्त्री देउवासँग अमेरिकी सहायक विदेश मन्त्री लुको भेटवार्ता

**रासस**

**काठमाडौं, १३ साउन**

प्रधानमन्त्री शेरबहादुर देउवासँग संयुक्त राज्य अमेरिकाका दक्षिण तथा मध्यएसिया मामिला सहायक विदेश मन्त्री डोनाल्ड लुले भेटवार्ता गर्नुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार भएको भेटमा उहाँहरूबीच नेपाल-अमेरिका मैत्रिपूर्ण र सहयोग सम्बन्धका विविध आयामबारे विचार आदानप्रदान भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । सो अवसरमा प्रधानमन्त्री देउवाले नेपाललाई अमेरिकाको निरन्तर विकास सहयोगका लागि धन्यवाद दिँदै उच्चस्तरको आर्थिक संलग्नताको अपेक्षासमेत गर्नुभएको थियो ।



यसअघि सहायक विदेश मन्त्री लुले परराष्ट्र मन्त्री डा नारायण खड्कासँग पनि भेटवार्ता गर्नुभएको थियो । बिहिबार साँझ नेपाल भ्रमणमा आउनुभएका सहायक विदेश मन्त्री लुले यस अघि पनि गत मङ्सिरमा नेपालको भ्रमण गरिसक्नुभएको छ । यो पटकको भ्रमणका अवसरमा उहाँले विभिन्न व्यावसायिक, नागरिक तथा सरकारी नेतृत्वसँग नेपाल-अमेरिका बीचको ७५ वर्षे लामो मित्रताका विविध आयामलगायत विषयमा कुराकानी गर्नुहुने यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ ।

## स्याङ्जामा एक वर्षमा ४६१ सम्बन्धविच्छेदका मुद्दा दर्ता

**पोखरापत्र संवाददाता**

**वालिङ, १३ साउन**

स्याङ्जामा एक वर्षको अवधिमा चार सय ६१ सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएका छन् । स्याङ्जा जिल्ला अदालतमा आर्थिक वर्ष २०७८/७९ मा दर्ता भएका ती मुद्दामध्ये तीन सय ७१ फछ्र्यौट भएका छन् ।

जिल्ला अदालतको स्रेस्तेदार विश्वप्रसाद रेग्मीका अनुसार ९० मुद्दा फछ्र्यौट हुन बाँकी छन् । अदालतमा अन्य मुद्दाभन्दा तुलनात्मकरुपमा सम्बन्धविच्छेदका मुद्दा धेरै रहेका छन् । अघिल्लो आव २०७७/७८ मा तीन सय चार मुद्दा दर्ता भएकामा दुई सय ४० फछ्र्योट भएका थिए । सो आवका ६४ मुद्दा गत आव २०७८/७९ मा जिम्मेवारी सरेर आएको रेग्मीले जानकारी दिनुभयो । तुलनात्मकरुपमा पछिल्ला वर्षमा सम्बन्धविच्छेदका मुद्दा दर्ता हुने क्रम बढ्दै गएको छ । "अन्यको तुलनामा जिल्ला अदालतमा सम्बन्ध विच्छेदका मुद्दा बढी दर्ता हुने गरेका छन्", रेग्मीले भन्नुभयो, "यसको मुख्य कारण वैदेशिक रोजगारी र अन्य पारिवारिक समस्या हुन् ।" अदालतमा एकसय ३१ अंशबण्डाका मुद्दा दर्ता भएको कार्यालयका नायब सुब्बा एवं फिराद दर्ता शाखाका शोभाकान्त पौडेलले जानकारी दिनुभयो । पौडेलका अनुसार पछिल्लो समयमा सामाजिक सञ्जालको दुरुपयोग, सञ्चारमाध्यम, आर्थिक अभाव, घरायसी समस्या, लागुऔषधले निम्त्याएको समस्या, घरेलु हिंसालगायतका कारणले सम्बन्धविच्छेदका घटना बढ्दै गएका छन् । "वैदेशिक रोजगारी, सामाजिक सञ्जालको दुरुपयोग तथा घरायसी समस्याका कारण सम्बन्धविच्छेदका घटना बढ्दै गएका छन्", उहाँले भन्नुभयो, "सम्बन्धविच्छेदले पारिवारिक बेमेलसँगै बालबालिका अभिभावकविहीन बन्ने, संरक्षण नहुँदा बेसाहारा बन्ने समस्या देखिएका छन् ।" जिल्ला अदालतले आव २०७८/७९ मा ६३.११ प्रतिशत मुद्दा फछ्र्योट गरेको छ ।

## टोलमैं भत्ता र बस्तीमा सेवा

**पोखरापत्र संवाददाता**

**पोखरा, १३ साउन**

कास्कीको मादी गाउँपालिका वडा नं १ का नवनिर्वाचित वडाध्यक्ष देवीजंग गुरुङ गाउँपालिकाकै कान्छा वडाध्यक्ष हुनुहुन्छ ।

उमेरले ३० वर्ष पुगेका उहाँ यसअघि सिक्लेस युवा क्लबलगायतका सामाजिक संस्थामार्फत क्रियाशील हुँदै आएकामा अहिले भने जनताको अभिमत पाएर वडाध्यक्षको जिम्मेवारीमा पुग्नुभएको हो । उहाँसहित निर्वाचित जनप्रतिनिधि यतिखेर जनताका काममा क्रियाशील हुनुहुन्छ । सिक्लेस कास्कीको पर्यटकीय गाउँ पनि हो । नेपालकै ठूलो गुरुङ गाउँका रुपमा रहेको सिक्लेसको पर्यटकीय विकास त उहाँहरूको प्राथमिकतामा छँदैछ ,उहाँ भौगोलिक विककटताका कारणले सहजरुपमा सेवा लिन नसक्नेका लागि विभिन्न कार्यक्रमका साथ जनतामाझ पुग्ने कार्यक्रम लिएर अघि बढ्नुभएको छ । राज्यले ज्येष्ठ नागरिकलगायत समाजका विभिन्न वर्ग र समुदायलाई लक्षित गरी सामाजिक सुरक्षा भत्ता दिँदै आएकामा कतिपयले शारीरिक अवस्थाका कारण वडा केन्द्रमा आएर सेवा लिन सकेका छैनन् । यही अवस्थालाई दृष्टिगत गरी गुरुङले आफू निर्वाचित भएसँगै टोलटोलमा पुगी सामाजिक सुरक्षा भत्ता वितरण गर्ने योजना बनाउनुभयो नै त्यसको कार्यान्वयनमा पनि जुट्नुभएको छ । "हामीले टोलटोलमा पुगी सामाजिक सुरक्षाभत्ता वितरण गर्न थालेका छौँ", वडाध्यक्ष गुरुङले भन्नुभयो, "भौगोलिक अवस्थिति आदिका कारण वडा केन्द्रसम्म आउन नसक्ने ज्येष्ठ नागरिक एवं सर्वसाधारणका लागि सोही टोलमा पुगेर भत्ता वितरण गरिरहेका छौँ ।" वडाको क्षेत्रफल ठूलो भएका कारण यहाँका सौँदा, खिलाङ, नयाँ गाउँलगायत टाढाटाढाका गाउँबाट सामाजिक सुरक्षा लिन वडा केन्द्र सिक्लेस पुग्नुपर्ने बाध्यता अन्त्य भएको खिलाङका ९३ वर्षीय रनसिरि गुरुङ बताउनुभयो । सामाजिक सुरक्षाभत्तासँगै वडाका तर्फबाट ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्ने, स्वास्थ्य समस्याअनुसार सरकारबाट प्राप्त हुने औषधि निःशुल्करुपमा उपलब्ध गराउने गरिएको उहाँको भनाइ थियो । समाजमा सबै वर्ग र समुदायको शिक्षामा समान पहुँच पुग्नुपर्छ भन्ने उद्देश्यका साथ वडाभित्रबाट एसइई उत्तीर्ण हुने दलित समुदायका विद्यार्थीलाई यसै वर्षदेखि १२ कक्षासम्म निशुल्क पढाउने आफूहरूको योजना रहेको उहाँको भनाइ छ । मादी गाउँपालिका-१ भित्र दुई वटा माध्यामिक विद्यालय रहेका छन् । वडाको सौँदास्थित दूधपोखरी मावि र सिक्लेसस्थित अन्नपूर्ण माविमा यहाँका विद्यार्थी अध्ययन गर्दै आएका छन् । वडाभित्र अध्ययन गर्ने दलित समुदायका विद्यार्थीबीचमा नै पढाइ छाड्ने गरेको बताउँदै उहाँले उनीहरूलाई पढाइप्रति अभिप्रेरित गर्न यो योजना अघि सारिएको बताउनुभयो । "जनताको दैनिकीसँग जोडिएका विषय नै हाम्रा प्रमुख प्राथमिकता हुन्", उहाँले भन्नुभयो, "पाँचवर्षे कार्यकालमा यस क्षेत्रमा पर्यटन विकासका योजना ल्याउने, यातायातको सहज व्यवस्थालगायतका कामलाई प्राथमिकताका साथ अघि बढाउने हाम्रो योजना छ ।"

पर्यटकीय गाउँ सिक्लेसदेखि मनाङसम्म पदमार्ग विकास गर्न प्रयास गर्ने बताउँदै उहाँले भन्नुभयो, "यहाँबाट माछापुच्छ्रे गाउँपालिकासँग जोडिने टिइँ भन्ने ठाउँ एक दिनमा पुग्न सकिन्छ, त्यहाँ जाने पदमार्गलाई प्रवर्द्धन गर्ने योजना बढाएका छौँ ।" टिइँबाट माछापुच्छ्रे, अन्नपूर्ण दुई, लमजुङ, मनास्लुलगायतका हिमाल नाङ्


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# महानगर प्रमुख आचार्य र पोल्याण्डका राजदुत बुराकोव्स्की बिच शिष्टाचार भेटवार्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ साउन**

नेपालका लागि पोल्याण्डका गैर-आवासीय राजदूत एडम बुराकोव्स्की र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य बिच शिष्टाचार भेटवार्ता भएको छ।



राजदुत बुराकोव्स्कीसंगको भेटवार्तामा हिमाल आरोहणका क्रममा हराएकी पोल्याण्डकी नागरिकको स्मृति कार्यक्रम पोखरामा गर्न गरिएको आग्रहलाई आफुले स्विकार गरेको प्रमुख आचार्यले बताउनुभयो।

सन १९९२ मा कन्चनजंगा हिमाल आरोहणको क्रममा हराएकी पोल्याण्डकी नागरिक वान्डा रुटकिविज केटु हिमाल आरोहण गर्ने पहिलो महिला आरोही हुन भने युरोपबाट सगरमाथा आरोहण गर्ने पहिलो तथा विश्वकी तेस्रो महिला आरोही पनि हुन् । उनले नेपालको अन्नपुर्ण हिमाल समेत सफलतापुर्वक अरोहण गरिसकेकी थिइन । पछिल्लो पटक सन १९९२ मा कन्चनजंगा हिमाल आरोहण गर्ने क्रममा उनि हराउन पुगिन् । रुटकिविजलाई पोल्याण्डको सरकारले आउट स्टान्डिङ् पोलिसी विमनको रुपमा घोषणा गरेको छ । रुटकिविज हराएको ३० वर्षपछि आगामी अक्टुवर महिनामा पोखरामा उनको स्मृति कार्यक्रम गर्ने तयारी गरिएको राजदुत बुराकोव्स्कीले बताउनुभयो । अन्नपुर्ण हिमाल समेत आरोहण गरेकी शाहसी महिला रुटकिविजको सम्झनामा आयोजना गरिने सो कार्यक्रम पोखरामा गर्न आफुले सहमति दिएको महानगरका प्रमुख आचार्यले बताउनुभयो । साथै उहाँहरु बिच पोखराको पर्यटन प्रवर्द्धनका विषयमा समेत छलफल भएको छ । वर्षेनी पोल्याण्डका धेरै पर्यटकहरु पोखरामा आउने गरेपनि राजदुत बुराकोव्स्कीको भने पोखरा भ्रमण पहिलो हो। राजदुत बुराकोव्स्कीले पोखरा आफुलाई निकै मनमोहक लागेको प्रतिक्रिया दिनुभएको छ। पोखराको पर्यटन प्रवर्द्धनमा थप समन्वय गर्ने राजदुत बुराकोव्स्कीको भनाई छ। यस्तो प्रकारको शिष्टाचार भेटवार्ताले अनुभव आदानप्रदानका साथै विकास र प्रवर्द्धनमा नयाँ आयामहरु थप्न सघाउ पुग्ने प्रमुख आचार्यको विश्वास छ।

पोखरामा सम्पन्न भेटवार्तामा नेपालका लागि गणतन्त्र पोल्याण्डका अवैतनिक महावाणिज्यदुत लोकमान्य गोल्छाको सहभागीता रहेको थियो।

# माइला कान्छा अभियानबाट कास्कीका आगालागी पीडितलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ साउन**

विदेशी भूमिमा (यूके) रहेर माइला कान्छा अभियान मार्फत सामाजिक सेवामा जुटिरहनु भएका माया गुरुङ र पार्वती गुरुङले एक कन्सर्ट कार्यक्रममा चना चटपट र सेलरोटी बचेर कास्कीका आगालागीबाट पीडितलाई सहयोग रकम जुटाउनु भएको छ।

विदेशी भूमिमा रहे पनि मन सधै नेपाली माटोमा नै हुने र मानवीयतालाई भूगोलले नछेक्ने जनाउँदै समस्यामा परेका नेपालीहरुलाई माइला कान्छा अभियान मार्फत माया गुरुङ (कान्छा दाइ ) पार्वती गुरुङ (माइला दाइ) सहयोगमा जुट्दै आउनु भएको हो।

केही समय पहिले कास्कीको माछापुच्छे गाँउपालिका वडा नं ८ कोलेली निवासी शोभाखर काफ्ले र लुम्रै निवासी गोलमान गुरुङको घरमा ग्याँसको सिलिण्डर पड्केर आगालागीबाट ठूलो क्षति भएको भन्ने खबर थाहापाए पछि सहयोगमा जुटेको अभियान्ता माया गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो "हामीले गाउँमा ग्याँस पड्केको र क्षति भएको भन्ने थाहा पायौ, अनि मे २८ तारिखमा मगर संघ युकेले आयोजना गरेको नेपाली ओपन कन्सर्टमा अभियानका पार्वती गुरुङ साथै परोपकारी मनका धनी कविता गुरुङ र लता चेम्जो गुरुङको विशेष सक्रियतामा नेपाली चिया, चटपट,काँक्रो, खरबुजा, सेलरोटी बचेर केही आर्थिक रकम संकलन गरेका हौ।" उहाँले संकलित रकममा केही थपथाप गरेर पीडित दुई परिवारलाई ५० हजारका दरले रु १ लाख रकम नेपाल पठाएको जानकारी दिनुभयो।

विदेशबाट प्राप्त उक्त रकम गाउँका स्थानीय युवा शंकरमान गुरुङ र मिरमिरे आमा समूहका अध्यक्ष राजकुमारी गुरुङको समन्वयमा माछापुच्छे गाउँपालिका वडा नं ८ का वडा अध्यक्ष रामबहादुर गुरुङले पीडितद्धय शोभाखर काफ्ले र गोलमान गुरुङलाई उक्त रकम हस्तान्तरण गर्नुभएको हो।

गुरुङले विदेशी भूमिमा रहेर पनि जन्मभूमिमा भएको समस्या र दुःख पीडालाई आत्मसात गरी सहयोग रकम जुटाएकोमा धन्यवाद व्यक्त गर्नुभयो। सहयोग रकम हस्तान्तरण कार्यक्रममा संगम बोडिङ स्कुका प्रिन्सिपल गगनसिंह गुरुङले कठिन अवस्थामा एक अर्काको सहयोगमा जुटेर अघि बढ्नु नै मानवीयता भएको धारणा राख्नुभयो । स्थानीय युवा सन्तोष गुरुङले कोभिड १९ देखि नै माइला कान्छा अभियानको सामाजिक सेवा प्रतिको कार्य निकै सह्रानीय र प्रशंसनीय भएको बताउनुभयो।

माइला कान्छा अभियानले कोभिड १९ को समयमा कास्कीको पोखरा लगायत आसपासका थुप्रै बस्तीमा पुगेर राहतसँगै औषधि उपचारमा समस्या भएकाहरुलाई सहयोग रकम उपलब्ध गराएको अभियानका अर्का अभियन्ता पार्वती गुरुङले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो "मानवीय सेवा नै धर्म हो भन्ने सोचेर हामी अभियानमा सक्रिय छौ,सहयोगी मनहरु थुप्रै भएको र आफूहरु माध्यम मात्र भएकाले यसको जस पनि सहयोगी मनहरुलाई दिन चाहान्छौ ।" उहाँले मानवीय सेवा नै धर्म भएकाले आफूहरुले समस्यामा रहेकाहरुको वास्तविक समस्या बुझेर सक्दो सहयोगमा जुट्दै आएको बताउनुभयो । यस कार्यलाई निरन्तरता दिने उहाँको भनाइ छ।

# गण्डकी टोष्टमाष्टर्स क्लवमा बसन्त

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ साउन**

गण्डकी टोष्टमाष्टर्स क्लवमा बसन्त गौतम चयन हुनुभएको छ।



क्लवको उपाध्यक्षमा शिक्षातर्फ श्रीविद्या आर कायस्थ, सदस्य विस्तारतर्फ उपाध्यक्षमा प्रकास रेग्मी, जनसञ्चार उपाध्यक्षमा आदित्यदेव प्रजु, महासचिवमा सुरज गुरुङ्ग, कोषाध्यक्षमा विवेक श्रेष्ठ चयन हुनुभयो।

सदस्यमा महिमा प्रिति शेरचन तथा निवर्तमान अध्यक्षमा बैभव पौडेल रहनुभएको छ । नवनिर्वाचित अध्यक्ष गौतमले क्लवले आफुलाई जिम्मेवारी सुम्पिएकोमा धन्यवाद ज्ञापन गर्दै आफ्नों योग्यता दक्षताले भ्याए सम्मको योगदान गर्ने बताउनुभयो।

नवनिर्वाचित कार्यसमितिलाई क्लवका संस्थापक अध्यक्ष प्रकाशदेव पालिखेले सपथ ग्रहण गराउँदै क्लवको गरिमा उँचो पार्न पदाधिकारीहरुलाई आग्रह गर्नुभयो । निवर्तमान अध्यक्ष विप्लव पौडेलले पद हस्तान्तरण गर्दै आफ्नों कार्यकाल सफल पार्न सहयोग गर्ने सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले समाजमा स्थापित व्यक्तिहरु रहेको क्लवले आफ्ना सदस्यहरुमा नेतृत्व तथा व्यक्तित्व विकासमा मद्धत पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । समारोहमा टोष्टमाष्टर्स गिताञ्जली राठौरले टोष्टमाष्टर्स क्लवको मार्गचित्र, उद्येश्य, गतिविधीबारे अवगत गराउनुभएको थियो।

## टोलमैं...

गो आँखाले देख्न सकिने उहाँले बताउनुभयो । पछिल्लो समयमा चर्चामा रहेको कपुचे हिमताल पनि यही वडामा पर्ने जनाउँदै वडाध्यक्ष गुरुङले सिक्लेसबाट उक्त तालमा पुग्न आठ घण्टा लाग्ने जानकारी दिनुभयो। उक्त मार्गको हुगु भन्ने ठाउँ नपुग्दासम्म छ घण्टाबीच बास बस्ने ठाउँ र टि सप नरहेका कारण पर्यटकलाई सहज हुने गरेर रुटको कुनै ठाउँमा बास बस्ने व्यवस्था मिलाउने आफ्ने योजना रहेको उहाँले बताउनुभयो।

उहाँका अनुसार सिक्लेसदेखि कपुचेसम्म घोडाबाट यात्रा गराउने योजनाका साथै त्यसबीचमा केही पूर्वाधार बनाउने लक्ष्य राखिएको छ। मादी गाउँपालिका वडा नं १ बाट ठूलो सङ्ख्यामा सर्वसाधारण पोखरामा रहेकाले वडा कार्यालयबाट प्रदान गरिने सबै किसिमका सेवा दिने गरी प्रत्येक दुई/दुई महिनामा घुम्ती सेवा दिन थालिएको छ। सामाजिक सुरक्षा भत्ता नवीकरण, नागरिकता सिफारिसलगायतका वडाबाट हुने काम घुम्तीसेवामार्फत पाउँदा धेरै सर्वसाधारण लाभान्वित बनेको सिक्लेस पार्चे समाज पोखराका अध्यक्ष क्या शमशेर गुरुङले बताउनुभयो । वडाले गत असारको ३०, ३१ र यहीसाउनको १ र २ गते पोखरामा घुम्ती सेवा सञ्चालन गरेको छ। "घुम्ती सेवाका कारण वडा केन्द्र सिक्लेससम्म पुग्न नसक्ने सर्वसाधारण लाभान्वित बनेका छन्", उहाँले भन्नुभयो, "जनताको सेवालाई लक्षित गरी वडाका तर्फबाट गरिएका यी काम अरु स्थानका जनप्रतिनिधिका लागि पनि अनुकरणीय छन्।"

# पर्यटन सम्बन्धी विधेयक पारित

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ साउन**

गण्डकी प्रदेशसभाको शुक्रबारको बैठकले गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मत पारित गरेको छ।

बैठकमा प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले विधायन समितिको प्रतिवेदनसहित विधेयक पारित गरियोस् भन्ने प्रस्ताव गर्नुभएको थियो । यसअघि विधेयक माथिको छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य राजीव पहारीले गण्डकी प्रदेश आफैँमा पर्यटकीयस्थल भएको बताउनुभयो । प्रकृति, संस्कृति एवम् साहसिक पर्यटनका दृष्टिले यो प्रदेश महत्वपूर्ण रहेको उहाँले बताउनुभयो। प्रदेशको समृद्धिका लागि पर्यटन महत्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले विधेयक महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभयो । बाह्य पर्यटक मात्र नभई आन्तरिक पर्यटक कसरी बढाउन सकिन्छ त्यसतर्फ ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

अर्का सदस्य मनकुमारी गुरुङले विधेयक महत्वपूर्ण भएको बताउँदै गण्डकी र पर्यटन एक अर्काका परि पूरक भएको बताउनुभयो । प्रकृतिप्रदत्त धेरै सम्पदा गण्डकी प्रदेशमा रहेको बताउँदै उहाँले विधेयक अझै चाँडो आउनुपर्ने बताउनुभयो। प्रदेशको समृद्धिका लागि विधेयक महत्वपूर्ण बन्ने उहाँले बताउनुभयो । प्रदेशसभा सदस्य गायत्री गुरुङले सरकारले मिहिनेतका साथ विधेयक ल्याएको बताउनुभयो। समृद्धप्रदेश बनाउने आधार पर्यटन हो भनिए पनि सुरुमै आउनुपर्ने विधेयक ढिला भएको उहाँले बताउनुभयो।

विधेयक माथिका प्रश्नको जवाफ दिँदै पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले विधेयक सरोकारवालासँग पटक पटक छलफल गरी ल्याइएको बताउनुभयो। प्रदेशका जनतालाई सुखी र समृद्ध बनाउनका लागि पर्यटनलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो।

बैठकको विशेष समयमा रोशनबहादुर गाहा थापाले नवपरासीको बर्दाघाट सुस्ता पूर्वमा केही समययता नारायणी, लौकाहा, अरुण, विनय लगायतका खोलाका कारण पानीको बहाव बढेर खेत कटान गरेको बताउनुभयो । कटानका कारण भएको खेती र जमिन बचाउँदै पीडितलाई क्षतिपूर्ति र राहत व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो।

अर्का सदस्य आशा कोइरालाले तनहुँको दक्षिण पश्चिम ढोरबाराही मार्ग क्षतिग्रस्त बनेको भन्दै सरकारको ध्यानाकर्षणगराउनुभयो। बैठकको विशेष तथा शून्य समयमा पियारी थापा, इन्द्रलाल सापकोटा, धनमाया पोखरेल, मीनप्रसाद गुरुङ, राजीव पहारी, ललितकला गुरुङ लगायतले मूल्यवृद्धि, बाढीपहिराको प्रकोप लगायतका विषयमा सरकार तथा सदनको ध्यानाकर्षण गर्नुभयो।

तुः आवश्यकता

निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा योग्य एवं दक्ष व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला ।

पदः लेखापाल (Accountant) १ जना
नोटः कम्प्युटरमा दक्ष साथै, tally चलाउन जानेको, १०+२ पास हुनुपर्नेछ ।
पदः सेल्स मेन (Sales Man) २ जना
१०+२ पास गरेको
पदः बजार प्रतिनिधि (Market Representative) १ जना
पदः कार्यालय सहयोगी (Office Helper) १ जना

सम्पर्कः
पैयू पर्वत सुन चाँदी दुकान
महेन्द्रपुल, पोखरा-४ (बुद्ध बिशाल बजार मेन गेटसँगै)
फोनः ०६१-५५३४९०, ९८५६०३२५६६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।


महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# चलचित्र प्रकाश : जुम्लाको कथा, नेपाली समाजको यथार्थता

पोखरापत्र संवाददाता
पोखरा, १३ साउन

प्रदर्शनको अन्तिम तयारीमा रहेको नेपाली कथानक चलचित्र प्रकाश नेपाली समाजको यथार्थता भएको कलाकारले बताएका छन् । आगामी भदौ १० गतेदेखि प्रदर्शन गर्ने तयारी गरिएको उक्त चलचित्रको प्रवर्द्धनका लागि बिहीबार पोखरा आएका कलाकारहरूले एकसाथ चलचित्रले नेपाली समाजको यथार्थतालाई देखाउन खोजेको बताए ।




"चलचित्र प्रकाश समाजको यथार्थतामा आधारित कथा हो । यसको मुख्य भूमिकामा अभिनय गर्न पाउँदा मलाइ खुसी लागेको छ", चलचित्र पत्रकार सङ्घ कास्कीद्वारा आयोजित पत्रकार सम्मेलनमा नायक प्रदीप खड्काले भन्नुभयो, "चलचित्र जुम्लामा छायाङ्कन गरिएको भएपनि नेपाली समाजको यथार्थता, भोगाइलाई तथा समस्यालाई कथामा देखाउन खोजिएको छ ।" चलचित्रमा जुम्लाको गरिब परिवारको विपन्नतामा हुर्केका एक सदस्य प्रकाशको शिक्षक बन्ने सपना र त्यससँग उनको सपना पूरा गर्न जोडिएका विभिन्न घटनाक्रमलाई प्रस्तुत गर्न खोजिएको छ । आफ्नो सपना पूरा गर्न गर्नुपर्ने विविध सङ्घर्षको कथालाई चलचित्रले देखाउन खोजेको बताउँदै उहाँले प्रकाशले आफूलाई कलाकार बनाएको उल्लेख गर्नुभयो ।

पोखरेलीबाट आफूले मायाँ पाइरहेको बताउँदै खड्काले चलचित्र प्रकाशलाई सफल बनाउन पनि पोखराबाट महत्वपूर्ण सहयोग मिल्ने आशा व्यक्त गर्नुभयो । चलचित्रकी नायिका दिया मास्केले कुनै पनि पुरुषको हरेक सफलतामा महिलाको हात हुने कुरालाई आफ्नो भूमिकामार्फत देखाउन खोजेको धारणा राख्नुभयो । नेपाली जनजीवनलाई वास्तविकरुपमा चित्रण गरिएको उल्लेख गर्दै उहाँले अभिनयका क्रममा देखे भोगेका विभिन्न अनुभव सुनाउनुभयो । पोखरा आफ्नो घर भएकाले पनि यहाँबाट अत्यधिक माया पाइने मास्केको विश्वास छ ।

चलचित्र लेखक विकास सुवेदीले 'प्रकाश' सबैको कथा भएको बताउँदै जीवन सङ्घर्षको पहाड भएको विषयलाई चलचित्रले स्पष्टरुपमा चित्रण गर्न खोजेको बताउनुभयो । पत्रकारिता क्षेत्र हुँदै आफू चलचित्रमा प्रवेश गरेको अनुभव सुनाउँदै उहाँले पत्रकारिताका क्रममा देखे भोगेका विविध समस्यालाई चलचित्रमा उतारिएको बताउनुभयो ।

"एक गरिब परिवारमा जन्मेको व्यक्तिले शिक्षक बन्न गर्नुपरेको सङ्घर्षलाई चलचित्रमा प्रस्तुत गर्न खोजिएको छ", उहाँले भन्नुभयो, "यो सबैको कथा हो, समाजको वास्तविकता हो ।" चलचित्र निर्माणका सन्दर्भमा झण्डै एक वर्ष अध्ययन अनुसन्धान गरिएको बताउँदै सुवेदीले प्रदर्शन हुने तयारीमा आउँदा अरु दुई वर्ष लागेको बताउनुभयो । हालसम्म करिब रु दुई करोड लगानी भइसकेको जानकारी दिँदै उहाँले लागत रु दुई करोड ५० लाखसम्म पुग्न सक्ने बताउनुभयो ।

चलचित्रका निर्देशक दिनेश राउतले समाजको यथार्थपरक कथालाईसमेत व्यवसायिकीकरण गर्नुपर्ने आवश्यकतालाई औंल्याउँदै प्रकाशले नेपाली समाजको यथार्थतालाई जीवन्तरुपमा चित्रण गरेको बताउनुभयो । आफू राम्रो कथाको खोजीमा रहेको र चाहेजस्तो कथा पाएकाले पनि 'प्रकाश' निर्देशनका लागि तयार भएको उहाँको भनाइ छ । चलचित्र 'प्रसाद'पश्चात् लामो समयको अन्तरालमा 'प्रकाश' निर्देशन गरेको उहाँले जानकारी दिनुभयो ।

चलचित्रमा प्रकाश घिमिरे, राजन खतिवडालगायतका कलाकारको अभिनय गर्नुभएको छ । निर्माता महेन्द्र अधिकारी रहनुभएको चलचित्र विनिस इन्टरटेन्मेन्ट ब्यानरमा निर्माण गरिएको हो ।

# ४० प्रतिशत उम्मेदवारले मात्र चुनाव खर्चको विवरण बुझाए

पोखरापत्र संवाददाता
म्याग्दी, १३ साउन

म्याग्दीमा ४० प्रतिशत स्थानीय तह निर्वाचनका उम्मेदवारले मात्र चुनाव खर्च विवरण बुझाएका छन् । गत वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा उम्मे्दवार बनेका सात सय १८ जनामध्ये दुई सय ८६ ले मात्र खर्च विवरण बुझाएका छन् ।

जिल्ला निर्वाचन कार्यालय निर्वाचन अधिकारी भीमप्रसाद घिमिरेले अझै ६० प्रतिशत उम्मेदवारले चुनावको खर्च विवरण बुझाउन बाँकी रहेको बताउनुभयो । "निर्वाचनको अन्तिम परिणाम घोषणा भएको ३० दिनभित्र निर्वाचन कार्यालयमा खर्च विवरण बुझाउनुपर्ने कानुनी व्यवस्था छ", उहाँले भन्नुभयो, "सार्वजनिक सूचना, स्थानीय तह, मौखिकरुपमा र सम्बद्ध राजनीतिक दलहरूमार्फत विवरण बुझाउन ताकेता गरेका छौं ।" निर्वाचित भएका अधिकांशले विवरण बुझाए पनि पराजित उम्मेदवारले खर्च विवरण बुझाउन रुचि देखाएका छैनन् । अन्नपूर्ण गाउँपालिकाका ६७, धौलागिरि गाउँपालिकाका ४६, बेनी नगरपालिकाका ७६, मङ्गला गाउँपालिकाका २४, मालिका गाउँपालिकाका ४६ र रघुगङ्गा गाउँपालिकाका २४ उम्मेदवारले खर्च विवरण बुझाएका छन् । सबैभन्दा बढी अन्नपूर्ण गाउँपालिका र कम रघुगङ्गा गाउँपालिकाका उम्मेदवारले निर्वाचन खर्च विवरण बुझाएका छन् । जिल्ला समन्वय समितिका नौ जना र कार्यपालिका सदस्य निर्वाचनका ६ उम्मेदवारले पनि खर्च विवरण बुझाएका छन् । अन्नपूर्णमा ९८, धौलागिरिमा ८४, बेनीमा एक सय ५६, मङ्गलामा ९८, मालिकामा एक सय ४७ र रघुगङ्गामा एक सय ३५ उम्मेदवार थिए । निर्वाचन आयोगले असार मसान्तभित्र विवरण पठाउन निर्देशन दिएको थियो । बुझाएका विवरण आयोगको सफ्टवेयरमा भरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । नगरप्रमुख, उपप्रमुख पदका उम्मेदवारले रु चार लाख ५० हजार, वडाध्यक्षले रु दुई लाख, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष उम्मेदवारले रु तीन लाख ५० हजार र अन्यले रु एक लाख ५० हजारसम्म खर्च गर्न पाउने आयोगले व्यवस्था गरेको थियो । स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (२), स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० तथा आयोगद्वारा स्वीकृत निर्वाचन आचारसंहिताबमोजिम उम्मेदवारले खर्च विवरण बुझाउनुपर्ने हुन्छ । यसैबीच एक महिनाको अवधिमा म्याग्दीमा एक हजार दुई सय ९७ जनाले मतदाता नामावली दर्ता गरेका छन् । जिल्ला निर्वाचन र प्रशासन कार्यालयमा सात सय १४ पुरुष र पाँच ८३ महिलाले मतदाता नामावली दर्ता गराएका निर्वाचन कार्यालयका कम्प्युटर अपरेटर सन्देश थापाले जानकारी दिनुभयो । अन्य जिल्लाका ३८ र एक हजार दुई सय ५९ म्याग्दीकाले तस्विरसहितको नामावली दर्ता गराएका हुन् । आयोगले गत असार १ गतेदेखि मतदाता नामावली दर्ता खुला गरेको थियो । छ वटा पालिका र ४५ वडा रहेको म्याग्दीमा स्थानीय तह निर्वाचनमा ४१ हजार चार सय १४ पुरुष, ४३ हजार नौ सय ६० महिला र एक तेस्रो लिङ्गी गरी कूल ८५ हजार तीन सय ७५ मतदाता थिए ।

# पहिराले चार परिवार विस्थापित, बस्ती जोखिममा

पोखरापत्र संवाददाता
पर्वत, १३ साउन

केही दिनदेखिको वर्षापछि खसेको पहिराले पर्वतको कुश्मा नगरपालिका-१० पिपलटारीका चार परिवार पूर्णरुपमा विस्थापित बनेका छन् । पहिराले करिब ६० परिवार रहेको बस्ती जोखिममा परेको छ ।

पिपलटारीको सिमखेतस्थित बस्तीमाथिको फाँटबाट पहिरो खसेपछि आसपासका बासिन्दासमेत त्रसित बनेका छन् । करिब दुई सय मिटरमाथिबाट बग्न सुरु गरेको पहिरो बस्तीसम्म आइपुगेपछि चार परिवारले घरै छाडेका वडाध्यक्ष रामचन्द्र सुवेदीले जानकारी दिनुभयो । स्थानीय कृष्ण सुवेदी, होमनाथ शर्मा, जगत् सुवेदी र रघुनाथ सुवेदीका परिवार पहिरोले पुरिने डरले घर छोडेर छिमेकीकोमा शरण लिइरहेका छन् ।

त्यस्तै आसपासका ६४ परिवार रहेको बस्ती पहिराको प्रत्यक्ष जोखिममा छ । पहिराका कारण गाउँमा वितरित विद्युत्का पोलसमेत ढल्न थालेपछि स्थानीयले विद्युत् प्राधिकरणको कुश्मा वितरण केन्द्रलाई जानकारी गराएका छन् । दुई वर्षअघिदेखि खेतको फाँटमा धाँजा फाटेको र गत सोमबारदेखि परेको वर्षापछि खेतसहित पहिरो बगेर बस्तीमा खस्न थालेको स्थानीय शङ्कर सुवेदीले बताउनुभयो ।

विद्युत्को तार घरमा आएर करेन्ट लाग्ने हो भन्ने त्रासले राति घरमा बस्न नसकिएको उहाँले बताउनुभयो । पहिरोले १२ रोपनी जग्गासमेत बगाइसकेको छ । स्थानीय खिमनाथ सुवेदीले धान खेतसमेत बगाएपछि कहाँ बस्ने र के खाने भन्ने चिन्ताले सताएको बताउनुभयो । "अघिल्ला वर्षमै धाँजा फाटेको थियो", वडाध्यक्ष रामचन्द्र सुवेदीले भन्नुभयो, "अहिले वरपरको थुप्रै खेतसहित बस्ती नै बगाउने गरी खसेको छ । अब तत्काल रोकथाम नगरे यो बस्तीका ६०-६५ परिवार विस्थापित हुनुपर्नेछ ।" नगरपालिका हुँदै प्रदेश र केन्द्रसम्म समस्या समाधानका लागि पहल गर्न स्थानीयले सम्बन्धित निकायसँग माग गरेका छन् ।

पहिराले बस्ती नै बग्न थालेको जानकारीपछि कुश्मा नगरपालिकाका उपप्रमुख स्वस्थानी रिजाल, इन्जिनियरद्वय शिवप्रसाद बराल र सञ्जय लामिछाने, विद्युत् प्राधिकरणको कुश्मा वितरण प्रमुख शिवनारायण गोशली, भू तथा जलाधार व्यवस्थापन कार्यालयका इन्जिनियर विकास थापालगायतको टोलीले पहिरोग्रस्त क्षेत्रको अनुगमन गरेको छ ।

अनुगमनपश्चात् प्राविधिक टोलीले तत्काल नियन्त्रणको प्रयास थाल्नुपर्ने निष्कर्ष निकालेको छ । त्यसका लागि भू तथा जलाधार कार्यालयले ग्याबियन जाली तथा अन्य अस्थायी रोकथामका काम सुरु गर्ने जनाएको छ । विद्युत् प्राधिकरण पर्वत वितरण केन्द्रका प्रमुख गोशलीले बस्तीमा जोखिम भएको विद्युत्का पोल फेर्न सुरु भइसकेको जानकारी दिनुभयो । "पहिरो खसेको स्थानमा तीन पोल जोखिममा छन् । एउटा पहिरोले बगाएर तल खसालेको छ", उहाँले भन्नुभयो, "बाँकी दुई हटाउनुपर्ने छ ।" गत वर्षजस्तो ठूलो वर्षा नभए पनि जोखिमयुक्त बस्तीका नागरिकलाई आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले जानकारी दिनुभएको छ ।

# सवारीसाधन कारबाही : तीन करोड ७९ लाख राजस्व सङ्कलन

पोखरापत्र संवाददाता
दमौली, १३ साउन

जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँले एक वर्षको अवधिमा सवारीसाधन कारबाही गरेर रु तीन करोड ७९ लाख ३३ हजार राजस्व सङ्कलन गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा ५५ हजार छ सय सवार ीसाधनलाई कारबाही गर्दा उक्त रकम सङ्कलन भएको हो । सो क्रममा सबैभन्दा बढी मोटरसाइकललाई कारबाही गर्दा राजस्व सङ्कलन भएको छ । नियम उल्लङ्घन गरी सवारीसाधन चलाउनेमा दुई पाङ्ग्रे चालक रहेको ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब निरीक्षक गोकर्ण नेपालले जानकारी दिनुभयो । उहाँका अनुसार २० हजार ५०० मोटरसाइकललाई कारबाही गर्दा एक करोड ४७ लाख ३९ हजार ५०० राजस्व सङ्कलन भएको छ । त्यस्तै ११ हजार २२१ ट्रक टिपरलाई कारबाही गर्दा रु ७७ लाख ८३ हजार, सात हजार ५०० तीन बसलाई कारबाही गर्दा रु ४८ लाख ४३ हजार ५१२ हजार ३५७ जीप कारलाई कारबाही गर्दा रु ७९ लाख ४४ हजार ५०० र दुई हजार ९६६ ट्याक्टरलाई कारबाही गर्दा रु २० लाख ३२ हजार राजस्व सङ्कलन भएको छ । अन्य ६५६ सवारीसाधनलाई कारबाही गर्दा रु चार लाख २३ हजार सङ्कलन भएको कार्यालयले जनाएको छ । "मोटरसाइकल र स्कुटर चालकबाट बढी नियम उल्लङ्घन हुने गरेको छ," उहाँले भन्नुभयो, "सवारी साधनको कागजात नभएका र लाइसेन्स नभएका पनि बढी छन् ।" सवारी साधनका धनीलाई कारबाहीसँगै सवारीधनीलाई नियमबारेमा पनि जानकारी गराउने गरेको नेपालले बताउनुभयो ।

प्रहरीले मादक पदार्थ सेवन गर्नेविरुद्ध पनि चेक कडाइ गर्ने गरेको छ । उक्त आर्थिक वर्षमा ३८३ सवारीसाधनका धनी मादकपदार्थ सेवन गरेबापत कारबाहीमा परेका छन् । उनीहरूबाट तीन लाख ८३ हजार राजस्व सङ्कलन भएको बताइएको छ ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल महाशाखा

सेती नदी माथि नयाँ पुल (१३० मि.) निर्माणका लागि प्रारम्भिक वातावरणीय परिक्षणाको प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/०४/१३)

गण्डकी प्रदेश, तनहुँ जिल्ला, शुक्लागण्डकी नगरपालिका र कास्की जिल्ला, पोखरा महा( नगरपालिकामा सडक विभाग अन्तर्गतको पुल महाशाखाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सडक विभाग<br>पुल महाशाखा<br>चाकुपाट, ललितपुर<br>फोन नं.: ०१-५५२८७७१ईमेल: infobbpcu@gmail.com, वेब: www.dor.gov.np |
| प्रस्तावको व्याहोरा | तनहुँ जिल्ला, शुक्लागण्डकी नगरपालिका, वडा नं. २ र कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ३३ जोड्ने कोत्रे बजार - तल्लो पुन्डीटार सडक खण्डमा पर्ने सेती नदी माथि १३० मि. लम्बाइ र ११ मि. चौडाईको RCC Pre-stressed प्रकारको नयाँ पुल निर्माण गर्ने योजना रहेको छ । पुलको दाँया किनार १०० मि. र बाँया किनार १०० मि. गरी जम्मा २०० मि. लम्बाईको पहुँच सडक निर्माण गरिनेछ । नदी नियन्त्रण तथा नदी किनार संरक्षणका लागि पुलको माथिल्लो तटीय क्षेत्रको दाँया बाँया १५० मि.र तल्लो तटीय क्षेत्रको दाँया बाँया ५० मि. गरी जम्मा २०० मि. लम्बाईको भौतिक संरचनाहरु निर्माण गरिनेछ । डिजाइन एंड विल्ड सँग सम्बन्धित यस आयोजनाको ठेक्का सम्झौता रकम मूल्य अभिवृद्धि कर सहित रू. १५,४०,३९,२३८.५३/- रहेको छ । |
| प्रभाव पर्ने प्रदेश / जिल्ला / गा.पा. | गण्डकी प्रदेश, तनहुँ जिल्ला, शुक्लागण्डकी नगरपालिका (वडा नं. २) र कास्की जिल्ला, पोखरा महानगरपालिका (वडा नं. ३३) |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षणका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका, नगरपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले निम्न मिति र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा सम्पूर्ण सरोकारवाला संघ-संस्था र व्यक्तिहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

सार्वजनिक सुनुवाई कार्यक्रम हुने मिति, समय र स्थान

| मिति | समय | स्थान |
|---|---|---|
| २०७९/०४/ १८, बुधबार | दिउँसो २ बजे | आयोजना स्थल, कोत्रे तुईन, वडा नं. २, शुक्लागण्डकी नगरपालिका |


# नीलगिरी 'क्यासकेड'को सुरुङ जोडियो

पोखरापत्र संवाददाता
म्याग्दी, १३ साउन

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा निर्माणाधीन निलगिरी दोस्रो 'क्यासकेड' जलविद्युत् आयोजनाको सुरुङ 'ब्रेक थ्रु' भएको छ ।

निलगिरी खोला हाइड्रोपावर प्रवर्द्धक रहेको ७१ मेगावाट क्षमताको आयोजनाको चार हजार २७५ मिटर सुरुङ निर्माण बिहीबार जोडिएको हो । आयोजनाका इन्जिनियर केशव बाग्लेले पाँच वटा अडिटबाट सुरुङ खनिएको जानकारी दिनुभयो । नारच्याङको दोभानस्थित विद्युत् गृह र छोटेपाको बाँधतर्फबाट विसं २०७६ देखि सुरुङ निर्माण थालिएको थियो । सुरुङ निर्माणलाई जलविद्युत् आयोजनाको मुख्य काम मान्ने गरिएको छ । ब्रेक थ्रु भएको अवसरमा आयोजनाका प्रवर्द्धक, प्राविधिक, कर्मचारी, परामर्शदाता र निर्माण कम्पनीका प्रतिनिधिले खुसीयाली मनाएका थिए ।

"ब्रेक थ्रु भएको टनेलको फिनिसिङ गर्ने तयारी छ", उहाँले भन्नुभयो, "बाँध र विद्युत्गृह निर्माण तथा इलेक्ट्रोमेकानिकलको कामलाई तीव्रता दिएका छौं ।" अठतीस दशमलव सात मेगावाटको निलगिरी पहिलोको विद्युत् गृहबाट निस्कने पानीलाई बाँध बनाएर निलगिरी क्यासकेडको सुरुङमा हाल्न मिल्ने गरी संरचना निर्माण भइरहेको छ । दुई वटै आयोजनाको प्रवर्द्धक एउटै निलगिरी हाइड्रोपावर हो । नीलगिरी पहिलोको हुमखोलामा बाँध र छोटेपामा विद्युत्गृह निर्माण थालिएका इञ्जिनीयर वाग्लेले बताउनुभयो । क्यासकेडको विद्युत्गृहदेखि निलगिरी पहिलोको बाँध हुमखोलासम्म १३ किलोमिटर पहुँचमार्ग निर्माण भएको छ । छोटेपामा ३० मिटर लामो बेलिब्रिज निर्माण गरिएको छ । बस्तीदेखि टाढा रहेको निलगिरी खोला जलविद्युत् आयोजना निर्माणस्थल भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रमा पर्छ ।

रु तेह्र अर्ब लागत अनुमान गरिएका दुवै आयोजना 'रन अफ द रिभर' प्रकृतिका हुन् । निलगिरीखोलाबाट उत्पादन भएको बिजुली २२० केभी क्षमताको दाना सब स्टेशनबाट केन्द्रीय ग्रिडमा जोडिने छ । छोटेपा-दोबिल्ला हुँदै दाना सब स्टेशन जोड्ने सात दशमलव चार किलोमिटर दूरीको २२० केभी क्षमताको प्रशारण लाइन निर्माण भइरहेको छ ।


तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यासित लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

